**गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ को संशोधन सहित)**

**२३-२४ जनबरी २०२० मा हुने बिशेष महाधिवेशनमा प्रस्तुत हुने संशोधनको प्रस्ताव**

**(प्रेषित मितिः १९ जनवरी २०२१)**

| **दफा÷ उपदफा** | **साविकको विधान २०१७ मा व्यवस्था** | **संशोधित प्रस्ताव २०२१** | **संशोधनका कारण तथा सुझाव** |
|---|---|---|---|
| ९.२ | पंजिकृत सदस्यता शुल्क मध्यपूर्व, मलेसिया र अफ्रिकाको लागि ३ अमेरिकी डलर र अन्य मुलुकको ५ अमेरिकी डलर हुने छ । पंजिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोषमा जम्मा गरिने छ। | पंजिकृत सदस्यता शुल्क शुन्य हुने छ। | पंजीकृत सदस्यहरुको संख्यामा बृद्धि गर्न र सबै गैरआवासीय नेपालीहरुलाई संघमा आबद्ध हुन सहजताका लागि। |
| ९.३ | राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ। यसरी तोकिएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषद्को कोषमा रहनेछ। | राष्ट्रिय समन्वय परिषद्ले आवश्यक ठानेमा सहायता/सहयोग लिन सक्ने छ।<br>स्पष्टिकरणः "सहायता/सहयोग" भन्नाले कानूनी वा प्राकृतिक व्यक्तिबाट प्राप्त हुने बस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग वा सहायतालाई सम्झनु पर्दछ। | राष्ट्रिय समन्वय परिषद्ले कल्याणकारी आदी काममा सदस्यहरुसँग सहयोग लिन सकुन भन्नका लागि। |
| ९.४ | राष्ट्रिय समन्वय परिषद्ले यसका सदस्यहरुको विवरण र तोकेको पंजिकृत सदस्यता शुल्क तोकिएको मिति भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ। | राष्ट्रिय समन्वय परिषद्ले संघका सदस्यहरुको विवरण तोकिएको मिति र सदस्यता तथ्याङ्क व्यबस्थापन प्रणाली मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाउनु पर्नेछ। कुनै सदस्यको वैधानिकता उपर उजुरी परेको खण्डमा अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय नै अन्तिम हुनेछ। | सदस्यहरुको विवरण गोप्य र सुरक्षित तथा विश्वसनीय राख्नु पर्ने भएकोले तथा सदस्यको तथ्याङ्कलाई व्यवस्थित गर्नु पर्ने भएकोले। |
| १२ | **क्षेत्रीय सम्मेलनः** कुनै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको वस्तुस्थितिलाई राम्रोसंग बुझ्न र गैरआवासीय नेपालीको हक अधिकार संरक्षणको अभियान प्रवद्र्धन गर्नका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्नेछ। क्षेत्रीय | पेशागत, विज्ञ, लगानी, श्रम, युवा तथा महिला सम्मेलनः<br>विश्वका बिभिन्न मुलुकहरुमा नेपालीहरुले आर्जेको बिभिन्न सीप, ज्ञान, प्रविधि तथा कौशल एवं अनुभवलाई नेपालको समृद्धिमा उपयोग गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नेपाल भित्र वा बाहिर एक पेशागत, विज्ञ, लगानी, श्रम तथा विषयगत सम्मेलनको आयोजना गर्न सक्ने छ। साथै नेपालको | हाल ब्यवस्था भएका क्षेत्रीय बैठकहरुले सम्मेलनको रुपमा आयोजना हुने गरेकाले छुट्टै क्षेत्रीय सम्मेलनको आयोजना गर्न नपर्ने भएकोले। साथै नविन ज्ञान, सिप र प्रविधिलाई नेपालमा भित्र्याउन वा हस्तान्तरण गर्न सहयोग पुर्याउने हेतुले। |

| | | | |
|---|---|---|---|
| | सम्मेलन प्रत्येक दुई वर्षमा एक पटक विश्व सम्मेलन सम्पन्न नभएको वर्ष आयोजना गरिनेछ। | सामाजिक आर्थिक क्षेत्रमा टेवा पुऱ्याउनको लागि लगानी तथा अन्य विषयगत सम्मेलन गर्न सक्ने छ। यस्ता सम्मेलन प्रत्येक २ वर्षमा कम्तिमा एक पटक आयोजना गरिने छ। अन्य सम्मेलन आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय बमोजिम गरिने छ। यस्ता सम्मेलन तथा क्षेत्रीय सम्मेलन भौतिक वा अनलाईन माध्यमबाट आयोजना गर्न सकिने छ।<br>१२.१ क्षेत्रीय सम्मेलन: संसारका सबै क्षेत्रमा बस्ने गैरआवासीय नेपालीहरुको सरोकारको विषयमा क्षेत्रगत रुपमा विस्तृत छलफल गर्न र गैर-आवासीय नेपालीको हक अधिकार संरक्षणको अभियानमा प्रवर्धन गर्दै गैरआवासीय अभियानमा बढी भन्दा बढीको संलग्नता र सकृयता बढाउनका लागि संघले निर्धारण गरेको सम्बन्धित क्षेत्रका क्षेत्रीय समितिले अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्शमा संसारका विभिन्न भागहरुमा क्षेत्रीय सम्मेलनको आयोजना गर्न सक्ने छ।<br>क्षेत्रीय सम्मेलन प्रत्येक २ वर्षमा कम्तिमा एक पटक आयोजना गर्नुपर्ने छ। | |
| १३.४ | पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको समयभित्र आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषद्मा दर्ता गराउनु पर्नेछ। यसरी दर्ता गरिएता पनि यसै विधानको दफा १३.७ बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधि चुनिनु पर्नेछ र महाधिवेशन दर्ता शुल्क तिरेको हुनु पर्नेछ। | पञ्जिकृत सदस्यले अन्तर्राष्ट्रिय महाधिवेशन र साधरणसभामा भाग लिनको लागि दफा १३.७ र दफा १४.९ बमोजिमको प्रकृया पुरा गरी आफ्नो नाम रीतपूर्वक राष्ट्रिय समन्वय परिषद्मा दर्ता गराउनु पर्नेछ। | प्रतिनिधि छनौटको व्यवस्था थप पारदर्शी बनाउनका लागि। |
| १३.७ | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ। एक | अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले अनुसूची ६ अनुसारको संख्यामा प्रतिनिधि चयन गर्ने छन्। | निर्वाचनलाई व्यवस्थित र सहज बनाउनको लागि। एनआरएनको मर्म बुझेका प्रतिनिधिहरुको छनोटको लागि। |

| | | | |
|---|---|---|---|
| | हजार सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक दश जना पञ्जिकृत सदस्य बराबर एक जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्नेछ । एक हजार भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२०:१ संख्याको अनुपातमा (अनुसूची ६ मा दिईए बमोजिम) थप प्रतिनिधिहरु चयन गर्ने छ । | प्रतिनिधि चयन प्रक्रिया निम्नानुसार हुनेछ ।<br>क) राष्ट्रिय महाधिवेशनबाट २० प्रतिशत प्रतिनिधिहरु निर्वाचित हुनेछन् ।<br>ख) पेशागत र बिज्ञहरुर महिला, युवा (दोश्रो पुस्ता) बाट ५ प्रतिशत र सहयोगी - शुभेच्छुक आदिबाट ५ प्रतिशत_राष्ट्रिय समन्वय परिषदको सिफारिसमा राष्ट्रिय समन्वय परिषदको अध्यक्षले मनोनित गर्नेछ।<br>ग) अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय परिषद्का हाल र विगतमा काम गरिसकेका व्यक्तीहरुबाट ७०% । यी प्रतिनिधीहरु चयन अनुसूची ६(क) अनुसार गर्नु पर्नेछ ।<br>घ) अन्तर्राष्ट्रिय समन्वय परिषदको सिफारिसमा संघको अध्यक्षले पेशागत, *महिला, युवा (दोश्रो पुस्ता)*,विज्ञ, तथा शुभेच्छुकहरुका तर्फबाट २५ जना थप प्रतिनिधि । | |
| १४. | **अन्तर्राष्ट्रिय महाधिवेशनका कार्यहरु:**<br>अन्तर्राष्ट्रिय महाधिवेशनको कार्यहरु देहायबमोजिम हुने छः<br>१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई निर्देशन दिने ।<br>१४.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्ने ।<br>१४.३ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने । | **बार्षिक साधरणसभा र अन्तर्राष्ट्रिय महाधिवेशनः**<br>संघको साधरणसभा प्रत्येक वर्ष गरिने छ । अन्तर्राष्ट्रिय महाधिवेशन प्रत्येक दुई वर्षमा गरिनेछ । महाधिवेशन हुने वर्षको साधारणसभा सोही महाधिवेशनमा गरिनेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीहरुको निर्वाचन गर्नेछ । महाधिवेशनका प्रतिनिधीहरु दफा १३.७ अनुसार हुनेछन ।<br><br>**साधरणसभाको कार्यहरु देहाय बमोजिम हुने छन्**<br>१४.१ अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र अन्तर्राष्ट्रिय | संघको नीति तय गर्ने, बिधान संशोधन र कार्यक्रमहरुको तय साधारण सभा गर्न पर्ने भएको तथा गैरआवासीय नेपाली सम्बन्धि नियमावली, २०६६ को नियम १३ अनुरुप एकरुपता कायम गर्न । |

| | | | |
|---|---|---|---|
| | १४.४ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने ।<br>१४.५ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।<br>१४.६ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।<br>१४.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु, द्वय–वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने । | समन्वय परिषद्लाई निर्देशन दिने ।<br>१४.२ संघको उद्देश्य प्राप्तिको लागि संघको नीतिहरु तय गर्ने।<br>१४.३ आवश्यकता अनुसार संघको विधानको संशोधन गर्ने ।<br>१४.४ संघको नीति तथा कार्यक्रमहरुको निर्माण र विकास गर्ने ।<br>१४.५ संघका विभिन्न विभागहरु, समितिहरु एवं राष्ट्रिय समन्वय परिषद्का प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।<br>१४.६ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न प्रतिवेदनहरु, द्वय–वार्षिक क्रियाकलापहरु र लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।<br>१४.७ लेखा परिक्षकको नियुक्ती गर्ने ।<br>१४.८ साधरणसभाको कामकार्वाहीको विवरण (माईन्यूट) को प्रमाणिकरण वार्षिक साधरणसभाको अध्यक्षता गर्ने व्यक्तीले गर्ने छ ।<br>**१४.९ साधारण सभाका प्रतिनिधि निम्नानुसार हुनेछन:**<br>१) अन्तराष्ट्रिय समन्वय परिषदका वर्तमान पदाधिकारी तथा सदस्यहरु<br>२) अन्तराष्ट्रिय समन्वय परिषदका संरक्षक, सल्लाहकारहरु र मानार्थ परिषद सदस्यहरु<br>३) राष्ट्रीय समन्वय परिषदका अध्यक्ष सहित राष्ट्रीय समन्वय परिषदले तोकेका बढीमा ५ जना प्रतिनिधीहरु<br>४) राष्ट्रिय समन्वय परिषदका पूर्व अध्यक्ष तथा अन्तराष्ट्रिय समन्वय परिषदका पूर्व पदाधीकारीहरु<br>५) अन्तराष्ट्रीय कार्यकारी सचिबालयको सिफारीसमा अध्यक्षले मनोनयन गरेका पेशागत, बिज्ञ तथा महिला, युवा तथा अन्य सहित ३५ जना प्रतिनिधीहरु । | |

| | | | |
|---|---|---|---|
| | | माथीको मापदण्डमा नपरेका दफा १३.७ अनुसारका महाधिवेशन प्रतिनिधीहरु साधरणसभामा पर्यवेक्षकको रुपमा भाग लिन सक्ने छन् तर उनीहरुको मतदाधिकार हुने छैन।<br><br>महाधिवेशन तथा साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिनेछ। साधरणसभा अनलाईन अथवा भौतिकरुपमा उपस्थित भई गर्न सकिनेछ। | |
| १५. | **संघको विशेष महाधिवेशन :** अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा जुनसुकै बेला विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको माग गर्न सक्नेछन् । विशेष अन्तर्राष्ट्रिय महाधिवेशन माग गरिएको तीन महिनाभित्र विशेष अन्तर्राष्ट्रिय महाधिवेशन बस्नु पर्नेछ । विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्णय अनुसार ५ उपाध्यक्ष मध्ये एक जनाले विशेष अन्तर्राष्ट्रिय महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष अन्तराष्ट्रिय महाधिवेशनमा दफा १३.७ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्का साधारण बहुमत सदस्यहरुले विशेष महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ। | **संघको विशेष महाधिवेशन:**<br>अन्तर्राष्ट्रिय समन्वय परिषद्को दुई तिहाई भन्दा बढीको सहमतिमा वा वार्षिक साधारणसभाको निर्देशनमा विशेष महाधिवेशन बोलाउन सकिने छ । विशेष महाधिवेशन सामान्यता निर्णय/निर्देशन गरेको तीन महिना भित्र गर्नु पर्ने छ। विशेष महाधिवेशनको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले गर्ने छन् । निजको अनुपस्थितिमा उपाध्यक्षहरु मध्ये उमेरमा जेष्ठता अनुसार विशेष महाधिवेशनको अध्यक्षता गर्ने छन्। दफा १३.७ अनुसार चयन भएका पछिल्लो महाधिवेशनका प्रतिनिधिहरु नै विशेष महाधिवेशनका प्रतिनिधि हुनेछन्। प्रतिनिधि हुन गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्नेछ । विशेष महाधिबेशनमा उपस्थित संख्या गणपुरक संख्या हुनेछ। जुन किटान भै बिषेश महाधिबेशनको आयोजना गरिएको हो सो बिषय निर्णयार्थ पारित गराउन २ उपस्थितीको २ तिहाई आवश्यक पर्दछ। बिषेश महाधिबेशनको सूचना एक महिना अगाडि प्रकाशित गर्नु पर्ने छ। | विशेष विषयमा छलफल गर्नु पर्ने भएमा सो गर्न सहजता कायम गर्ने हेतुले। |

| | | | |
|---|---|---|---|
| १७.२ | **अन्तर्राष्ट्रिय समन्वय परिषद् मा निम्न पदहरु हुने छन् :**<br>अध्यक्ष – १<br>उपाध्यक्ष – ५<br>(१ महिला सहित)<br>महासचिव – १<br>सचिव – २<br>(दुई सचिवहरुको कार्य क्षेत्र छुट्याइने)<br>कोषाध्यक्ष – १<br>सहकोषाध्यक्ष – १<br>विधानको दफा १७.१० बमोजिम<br>मनोनित प्रवक्ता – १<br>महिला संयोजक – १<br>युवा संयोजक – १<br>क्षेत्रिय संयोजक – ६<br>क्षेत्रिय उपसंयोजक – ६<br>(कम्तिमा)<br>क्षेत्रिय महिला संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सदस्यहरु ।<br>विधानको दफा २२.१४.१ बमोजिम<br>मनोनित सदस्यहरु – २१ | **अन्तर्राष्ट्रिय समन्वय परिषदमा निम्न पदहरु हुने छन् :**<br>अध्यक्ष – १<br>उपाध्यक्ष – ६<br>(महिला र युवा अनिबार्य)<br>महासचिव – १<br>सचिब (एक महिला अनिबार्य) – ४<br>कोषाध्यक्ष – १<br>सह-कोषाध्यक्ष – १<br>महिला संयोजक - १<br>युवा संयोजक - १<br>प्रवक्ता : अन्तराष्ट्रीय समन्वय परिषद पदाधिकारी वा सदस्यहरु मध्येबाट अध्यक्षले एकलाई प्रबक्ता तोक्नेछ– १<br>क्षेत्रिय संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय उपसंयोजक – १२ (कम्तिमा)<br>(प्रत्येक क्षेत्रमा २ जना न्यूनतम)<br>क्षेत्रिय महिला संयोजक – ६<br>क्षेत्रिय महिला उपसंयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा संयोजक – ६<br>(प्रत्येक क्षेत्रमा १ जना)<br>क्षेत्रिय युवा उपसंयोजक – ६<br><br>एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय | समय सापेक्ष पदहरु सृजना गर्नु पर्ने भएको हुनाले । |

| | | | |
|---|---|---|---|
| | एशिया प्रशान्त, युरोप, मध्यपूर्व, उत्तरदक्षिण अमेरिका, अफ्रिका तथा ओसेनिया प्रत्येक क्षेत्रबाट एक जना क्षेत्रिय संयोजक र एक क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० सम्म भएमा १ जना, १० जना भन्दा बढी २० सम्म भएमा थप १ जना आदिको क्रमले वा पञ्जिकृत सदस्य संख्या १५ हजार सम्म भएमा प्रत्येक १५ हजार सदस्य बराबर १ जना क्षेत्रीय उपसंयोजक निर्वाचित हुने छ । पदाधिकारी र सदस्यहरुको मर्यादाक्रम माथि दिईएको क्रमबद्धता अनुसार हुनेछ । | संयोजक र दुइ क्षेत्रिय उपसंयोजक निर्वाचित हुनेछन् । राष्ट्रिय समन्वय परिषद्हरुको संख्या १० वटा भन्दा बढी भएमा थप १ जना को क्रमले उपसंयोजकहरु निर्वाचित हुनेछ । अर्को देशको उम्मेदवारी परेसम्म क्षेत्रीय संयोजक र उपसंयोजकहरु एउटै देशबाट लगातार २ पटक भन्दा बढी हुने छैन ।<br><br>प्रत्येक देशका राष्ट्रिय महाधिवेशनबाट अनुसूचि ७ बमोजिम निर्वाचित आइसिसि सदस्यहरु ।<br>विधानको दफा २२.१४.१ बमोजिम मनोनित सदस्यहरु मध्ये कम्तिमा ७ जना महिला र ७ जना विज्ञ (विषयगत) को सहभागिता हुनु पर्नेछ । २१ जना मध्ये १५ जना संघको अध्यक्षले मनोनित गर्नेछ भने, बाँकि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकले मनोनित गर्नेछ । | |
| १७.३ | राष्ट्रिय समन्वय परिषद् गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम् दश देखि एक हजार सम्ममा एक जना र सो भन्दा बढि पाँच हजार सम्म पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर एक जना (१००० : १ को अनुपात) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन बाट निर्वाचित हुने छन् । | राष्ट्रिय समन्वय परिषद् गठन भइ सकेका मुलुकबाट राष्ट्रिय महाधिवेशनले सम्बन्धित देशबाट प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यलाई निर्वाचित गर्ने छ । सदस्यको सँख्या अनुसूची ७ अनुसार हुनेछ । | अन्तर्राष्ट्रिय समन्वय परिषद् बैंठक सम्पन्न गर्न सहजकताको लागि तथा शुन्य शुल्क हुदा सदस्यहरुको सँख्या एकै देशबाट धैरै हुन सक्ने भएकोले । |
| १७.५.१ | अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा | अध्यक्ष पदका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषदको पदाधिकारी पदमा एक कार्यकाल पुरा गरेको | गैरआवासीय नेपाली संघको क्रियाकलाप नजिकबाट अनुभव गरेको व्यक्ति नेतृत्वमा रहँदा संघको बृहत |

| | | | |
|---|---|---|---|
| | सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ। | हुनु पर्नेछ। | हीत हुने हुँदा। |
| १७.५.२ | १७.५.२ अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरुका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ। | उपाध्यक्षहरु (युवा बाहेक) र महासचिब उम्मेदवार बन्नका लागी अन्तराष्ट्रीय समन्वय परिषद पदाधिकारी वा सदस्य वा राष्ट्रीय समन्वय परिषदको अध्यक्ष भएको हुन पर्नेछ। यि बाहेकका पदहरुमा उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पद मा एक कार्यकाल पूरा गरेको हुनु पर्नेछ । क्षेत्रीय युवा संयोजक, क्षेत्रीय महिला संयोजक, क्षेत्रीय युवा उपसंयोजक र क्षेत्रीय महिला उपसंयोजकको उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पद भएको हुनु पर्ने छ वा अन्तराष्ट्रीय सचिबालय पदाधिकारी बाहेको पदमा उम्मेदवार बन्न न्यूनतम ४ बर्ष लगातार पंजिकृत सदस्य भै २ पटक अन्तर्राष्ट्रिय महाधिवेशनमा भागलिएको हुनु पर्नेछ वा बिधानत: बनेको समितहरुको संयोजक वा सह-संयोजक भै एक कार्यकाल काम गरेको हुनु पर्नेछ । तर भर्खैर गठन भएका राष्ट्रिय समन्वय परिषदको तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुहरुले अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी पदमा उमेदवारी दिन अयोग्य मानिने छ। | गैरआवासीय नेपाली संघको क्रियाकलाप नजिकबाट अनुभव गरेको व्यक्ति नेतृत्वमा रहँदा संघको बृहत हीत हुने हुँदा। |
| | हालको विधानमा व्यवस्था नभएको | १७.५.६ युवा उपाध्यक्ष पदको उम्मेदवार बन्नको लागि निज अन्तर्राष्ट्रिय महाधिवेशन शुरु भएको दिन सम्म ४० वर्ष उमेर नकाटेको हुनु पर्नेछ।<br>युवा संयोजक, क्षेत्रीय युवा संयोजक, क्षेत्रीय युवा उपसंयोजकको उम्मेदबार बन्नको लागि निज अन्तर्राष्ट्रिय | दोस्रो पुस्तालाई गैरआवासीय नेपाली संघको नेतृत्वमा पुग्न सहज होस भन्ने हेतुले। |

| | | | |
|---|---|---|---|
| | | महाधिवेशन शुरु भएको दिन सम्म ३५ वर्ष उमेर नकाटेको हुनु पर्नेछ। | |
| १७.७ | १७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषद्को गठन र देहायको अवस्थामा विघटन गर्ने वा मान्यता (recognize) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ।<br><br>१७.७.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा।<br>१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्देशनहरु पालना नगरेमा।<br>१७.७.३ तदर्थ समिति गठन भएको बढीमा एक वर्ष भित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा। | १७.७ आवश्यकता अनुसार राष्ट्रिय समन्वय परिषद्को गठन र देहायको अवस्थामा विघटन गर्ने वा मान्यता (recognize) फिर्ता गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ।<br><br>१७.७.१. स्थानीय कानूनले वर्जित गरेको हद बाहेक यस संघको उदेश्य अनुरुप अगाडि वढ्न अस्वीकार गरेमा।<br>१७.७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्देशनहरु पालना नगरेमा।<br>१७.७.३ तदर्थ समिति गठन भएको बढीमा एक वर्ष भित्र राष्ट्रिय अधिवेशनको आयोजना गर्न नसकेमा।<br>१७.७.४ अनुसूची ८ मा दिईएको न्युनतम मापदण्ड पुरा नगरेमा। | |
| १७.८ | आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ। | आवश्यकता अनुसार विभिन्न विभागहरुको गठन गर्ने, विभागहरुको नामाकरण गर्ने, विभागहरुका लागि आवश्यक नियमावली निर्माण गर्ने, आवश्यकता बमोजिम विभिन्न समितिहरुको गठन गर्ने, पारिश्रमिक दिने वा नदिने गरी कर्मचारी नियुक्त गर्ने र तिनीहरुको तलब एवं सेवाका शर्तहरुको निर्धारण गर्ने अधिकार अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई हुनेछ । विधानमा व्यवस्था भएका विभाग र अन्य नियमित समितिहरु सामान्यतया निर्वाचन भएको तीनमहिना भित्र गठन गर्नु पर्नेछ। | गैरआवासीय नेपाली संघको भूमिका र कार्यहरु विस्तार गर्न सहज होस भन्ने हेतुले। |
| १७.९ | गैरआवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा | गैरआवासीय नेपाली संघलाई नेपाल र नेपालीको सर्वाङ्गिण हितमा अधिकतम योगदान पुऱ्याउन आवश्यक सल्लाह दिन सक्ने विभिन्न क्षेत्रमा विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली | संघलाई आवश्यक राय वा सल्लाह यथा समयमा प्राप्त हुन सकोस भन्ने हेतुले। |

| | | | |
|---|---|---|---|
| | विशिष्ट ज्ञान हासिल गरि सकेका नेपाली वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई निजको दक्षताको क्षेत्र किटान गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्नसक्नेछ । सल्लाहकारको संख्या बढीमा ११ जनाको हुनेछ । | वा गैर नेपाली विशिष्ट व्यक्तित्वहरुलाई निजको दक्षताको क्षेत्र किटान गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको सल्लाहकारको रुपमा नियुक्त गर्नसक्नेछ । सल्लाहकारको संख्या बढीमा २१ जनाको हुनेछ । | |
| १७.१३ | अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको अन्तराष्ट्रिय महाधिवेशन, क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनको आयोजना गर्नेछ । | अन्तर्राष्ट्रिय समन्वय परिषद्ले विश्व सम्मेलन, संघको अन्तराष्ट्रिय महाधिवेशन, साधरणसभा, क्षेत्रीय सम्मेलन, विश्व विज्ञ सम्मेलन आदि आयोजना गर्नेछ । | विज्ञ सम्मेलन, साधरणसभा थप गरिएकोले । |
| !*=# | j}7sdf k\|To]s /fli6«o ;dGjo kl/ifb\sf cWoIfx?n] ko{j]Ifssf] ?kdf efu lng kfpg]5g\ . | यो दफा हटाउने \| | क्षेत्रीय बैठकमा सकृय सहभागीता हुने भएकोले । |
| १९.२ | अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष, संघको प्रवक्ता, महिला संयोजक र युवा संयोजक रहने छन् । | अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयमा अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता रहनेछन्। | |
| २०.२ | सचिवालयमा एक जना प्रमुख कार्यकारी अधिकृतका अलावा संचार तथा प्रकाशन अधिकृत, एक जना लेखा अधिकृत, आवश्यक संख्यामा अन्य कर्मचारी तथा विशेषज्ञहरु प्रमुख कार्यकारी अधिकृतको सल्लाहमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले नियुक्ति गर्ने छ । | सचिवालयमा आवश्यकता अनुसार संघको कर्मचारी नियमावली अन्तर्गत रही अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले संघलाई आवश्यक कर्मचारीहरुको नियुक्त गर्न वा नियुक्त कर्मचारीहरुलाई सेवाबाट हटाउन सक्ने छ । तर नियुक्त कर्मचारी मध्य संघको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति करार सेवा हुने छ । | संघको सचिवालयमा कर्मचारी नियुक्ति लगायतका कार्य गर्नका लागि संघको कर्मचारी सम्बन्धी नियमावलीमा थप व्यवस्था गर्न र सोलाई आवश्यक अनुसार परिमार्जन गर्न सहज होस भन्ने हेतुले । |
| २०.६ | एनआरएनए पोलिसि इन्स्टीच्युट (NRNA Policy Institute) : संघका सदस्यहरु अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न संघ संस्थामा कार्य अनुभव हासिल गरेका अत्यन्तै योग्य श्रोत | एनआरएनए पोलिसि/ इन्स्टीच्युटः संघका सदस्यहरु अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न संघ संस्थामा कार्य अनुभव हासिल गरेका अत्यन्तै योग्य श्रोत व्यक्तिको रुपमा रहनु भएको छ र उहांहरुको अनुभव, योग्यता, तथा क्षमताको भरपुर उपयोग | पोलिसि इन्स्टीच्युटको दायरा फराकिलो पार्नका लागि। |

| | | | |
|---|---|---|---|
| | व्यक्तिको अनुभव, योग्यता, तथा क्षमताको भरपुर उपयोग गरी नेपाल, गैरआवासीय नेपाली समेतलाई आर्थिक, सामाजिक, व्यापारिक, औद्योगिक, अन्तर्राष्ट्रिय परिप्रेक्ष, विदेश तथा कुटनीतिक क्षेत्र, असल शासन, वातावरण, कृषि, पर्यटन तथा जैविक विविधता क्षेत्र लगायत यस्तै विभिन्न उपयोगि तथा आवश्यक क्षेत्रमा योगदान दिने प्रायोजनको लागि एक अन्तर्राष्ट्रिय स्तरको एनआरएनए (Policy Institute) नेपाल भित्र वा विश्वको कुनै अन्य उपयुक्त देशमा स्थापना गरिने छ ।<br><br>ईन्स्टीच्युट सम्बन्धि व्यवस्था, गठन, काम, कर्तव्य र अधिकार, शर्तहरु सचिवालय सम्बन्धि व्यवस्था तथा कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु छुट्टै नियमावली “एनआरएनए पोलिसि इन्स्टीच्युट सम्बन्धि नियमावली” बनाई संचालन गरिने छ । उक्त नियमावली यस विधानको अधिनमा रहने छ र अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरी तोकेको मिति देखी लागु हुने छ । | गरी नेपाल र नेपाली (गैरआवासीय नेपाली) समेतलाई आर्थिक, सामाजिक, व्यापारिक, औद्योगिक, अन्तर्राष्ट्रिय परिप्रेक्ष, विदेश तथा कुटनीतिक क्षेत्र, असल शासन, वातावरण, कृषि, पर्यटन तथा जैविक विविधता क्षेत्र लगायत यस्तै विभिन्न उपयोगि तथा आवश्यक क्षेत्रमा योगदान दिने प्रायोजनको लागि एक अन्तर्राष्ट्रिय स्तरको एनआरएनए (Policy/Professionals’ Institute) नेपाल भित्र वा विश्वको कुनै अन्य उपयुक्त देशमा स्थापना गरिने छ । | |
| २१.७ | हाल विधानमा नभएको | अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधी छनोटको प्रकृया शुरु भए पछि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनमा प्रभाव पार्ने गरी कुनै नियमावलीहरु परिवर्तन वा परिमारजन गर्न पाईने छैन । | निर्वाचनमा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरुको प्रत्यक्ष वा परोक्ष प्रभाव नपरोस भन्ने हेतुले । |
| २१.८ | हाल विधानमा नभएको | अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्वाचनको मुल्यांकनको लागि संघका पूर्व अध्यक्ष मध्येबाट १, विधान समिति १ र अनुशासन समितिका १ सहित अन्तराष्ट्रीय कार्यकारी समितिले तोकेको २ | निर्वाचनलाई बढी प्रभावकारी बनाउन आवश्यक देखिएकोले । |

| | | | |
|---|---|---|---|
| | | बढीमा ५ सदस्यीय निर्वाचन अनुगमन समिति गठन गर्न सक्ने छ। | |
| २२.२ | उपाध्यक्ष : ५ उपाध्यक्षहरुले निम्न विषयहरु मध्ये एक वा एकभन्दा बढी विषयको नेतृत्व गर्ने:<br>क) यस विधानको दफा २० को उपदफा ६ मा व्यवस्था भएको एनआरएनए पोलिसि इन्स्टीच्युट (Policy Institute)<br>ख) : व्यापार तथा लगानी।<br>ग) : सीप, ज्ञान र नवप्रवर्तन (Skill, Knowledge and Innovation)<br>घ) : वैदेशिक रोजगार<br>ङ) : महिला<br>च) : परोपकारी तथा मानवकल्याणकारी हित। | छ) युवा उपाध्यक्ष<br>दफा १७.२ मा उल्लेख भए बमोजिम ६ जना उपाध्यक्षहरुले वैदेशिक रोजगार विभाग, व्यापार तथा लगानी विभाग, मानवकल्याण विभाग, ज्ञान सिप र नवप्रवर्तन विभाग, महिला र युवा विभागको नेतृत्व गर्ने छन ।(छुट्टाछुट्टै मनोनयन गरिने हो भने सोहि अनुसार ब्याख्या गर्नु पर्ने)<br>अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्यहरु र संघलाई योगदान दिनसक्ने ब्यक्तिहरु आफ्नो दक्षता अनुसार विभागका सदस्यहरु हुनेछन । विभाग अन्तर्गत विभिन्न समिति, उपसमिति र कार्यदलहरु बन्ने छन्। | संघका मुख्य गतिविधिहरु यीनै विभागको सेरोफेरोमा संचालन हुने भएको हुदा विभागको निर्माण गर्न आवश्यक देखिएको हुनाले। |
| २२.४ | सचिवको काम कर्तव्य :<br>२२.४ **सचिव :** सचिवहरुको कार्य विभाजन अध्यक्षको परामर्शमा महासचिवले गर्नेछ।<br>२२.४.१ आवश्यकता अनुसार महासचिवलाई सहयोग गर्ने।<br>२२.४.२ महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने।<br>२२.४.३ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने। | २२.४.४ तोकिएको क्षेत्रीय समिति र सो अन्तर्गतको राष्ट्रीय समन्वय समितिहरुको अनुगमन, सहजीकरण तथा नियमित कामकार्बाहीको जिम्मेबारी लिने।<br>(संख्या घटाउदा परिभाषा परिबर्तन गर्नु पर्ने) | सचिवको काम र कर्तब्यमा थप गर्नु पर्ने भएकोले |
| | हालको विधानमा व्यवस्था नभएको | २२.११ क क्षेत्रीय महिला उपसंयोजकः<br>२२.११.क १ आवश्यकता बमोजिम क्षेत्रीय महिला संयोजकलाई सहयोग गर्ने।<br>२२.११.क २ क्षेत्रीय महिला संयोजकको अनुपस्थितिमा | क्षेत्रीय महिला उपसंयोजकको व्यवस्था गरिएको हुँदा क्षेत्रीय महिला उपसंयोजकको काम, कर्तब्य र अधिकारी उल्लेख गर्नु पर्ने भएको हुनाले। |

| | | | |
|---|---|---|---|
| | | निजले तोके बमोजिमको कार्य गर्ने ।<br>२२.११. क ३ तोकिएका अन्य कार्यहरु गर्ने ।<br>२२.११.क ४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने । | |
| | हालको विधानमा व्यवस्था नभएको | २२.१२ क क्षेत्रीय यूवा उपसंयोजकः<br>२२.१२.क१ आवश्यकता बमोजिम क्षेत्रीय यूवा संयोजकलाई सहयोग गर्ने ।<br>२२.१२.क२ क्षेत्रीय यूवा संयोजकको अनुपस्थितिमा निजले तोके बमोजिमको कार्य गर्ने ।<br>२२.१२.क३ तोकिएका अन्य कार्यहरु गर्ने ।<br>२२.१२.क४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने । | क्षेत्रीय युवा उपसंयोजकको व्यवस्था गरिएको हुँदा क्षेत्रीय युवा उपसंयोजकको काम, कर्तब्य र अधिकार उल्लेख गर्नु पर्ने भएकोले । |
| | हाल विधानमा व्यबस्था नभएको | निर्वाचित तथा मनोनित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुले तोकेको सदस्यता शुल्क शपथ ग्रहण भन्दा पहिले बुझाउनु पर्ने छ । तर निर्वाचित वा मनोनित भएको ४५ दिन भित्र शुल्क नबुझाए सो पद स्वतः खारेज हुनेछ। | सदस्यता शुल्कको प्रावधान विधानमा नै राख्नु पर्ने भएको हुनाले । |
| २३.१ | घटीमा दश जना गैरआवासीय नेपालीहरु बसोबास गरेको देशमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको नियमावली अनुसार राष्ट्रिय समन्वय परिषद्को स्थापना गर्न सकिने छ । | न्युनतम २० जना गैरआवासीय नेपालीहरु बसोबास गरेको देशमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको नियमावली अनुसार राष्ट्रिय समन्वय परिषद्को स्थापना गर्न सकिने छ \| | संस्थागत र सदस्यमा मात्रात्मक रुपमा बढोत्तरी हुनु पर्ने समेत भएकोले ! |
| २४.१ | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनको मिति भन्दा बढीमा ६ महिना र कम्तिमा एक महिना बाँकी रहने गरी राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै दफा १७.३ अनुसारको | प्रत्येक राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको जुलाईको १५ देखी ३१ सम्म अनिबार्य सम्पन्न गर्नु पर्ने छ । बिधानमा उल्लेखित समयमा कुनै दैबीप्रकोप, महामारी वा बिषेश परिस्थिती रहेमा संघको अन्तराष्ट्रीय समन्वय परिषदले बिषेश निर्णय गर्न सक्नेछ। दफा १३.७ मा उल्लेखित अन्तर्राष्ट्रिय | प्रतिनिधिहरुको चयन सुनिश्चित तथा व्यवस्थित गर्नको लागि । |

| | | | |
|---|---|---|---|
| | अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ। | महाधिवेशन प्रतिनिधीहरुको तोकिएको विवरण अगष्ट १५ सम्म अन्तर्राष्ट्रिय समन्वय परिषदको सचिवालयमा पेश गर्नु पर्नेछ। बिशेष कारणबस अन्तर्राष्ट्रिय महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन नसकेमा सोही अनुसारको समान्यतरमा राष्ट्रिय महाधिवेशन आयोजना गर्न सकिनेछ । राष्ट्रिय महाधिवेशनले दफा १७.३ अनुसारको अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि देशको प्रतिनिधित्व गर्ने अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ। | |
| २६.५ | एनआरएनए फाउण्डेसन (**NRNA FOUNDATION**): संघले एक अन्तराष्ट्रिय स्थरको एनआरएनए फाउण्डेसन नेपाल भित्र वा विश्वको अन्य कुनै उपयुक्त देशमा स्थापना गर्ने छ। | गैरआवासीय नेपाली परोपकारी कोषः संघले एक अन्तराष्ट्रिय स्तरको गैरआवासीय नेपाली परोपकारी कोष नेपाल भित्र र विश्वको अन्य कुनै उपयुक्त देशमा स्थापना गर्ने छ। | नयाँ स्वरुपमा फाउण्डेशन गठन गर्न आवश्यक हुन आएकोले |
| २६.५.२ | कोष ३ सदस्यीय रहेको संचालक समितिबाट संचालित हुनेछ। उक्त समितिको सदस्यहरु संघका भूतपूर्व अध्यक्ष हुनेछन र आफु मध्येबाट समितिको अध्यक्ष मनोनयन गर्ने छन्। समितिको कार्यकाल दुई वर्ष (२) को हुन्छ। समितिका सदस्य हरु पुनः नियुक्त हुन सक्नेछन्। | गैरआवासीय नेपाली परोपकारी कोषको तर्फबाट गर्नु पर्ने दैनिक तथा नियमित कामकाज गर्नको लागि एक अधिकार सम्पन्न कार्यकारी परिषद रहनेछ।<br>उक्त कार्यकारी परिषदमा महिला सहित ७ देखि ९ सदस्यीय हुनेछ र गठन देहाय बमोजिम हुनेछः<br>क) संघको अन्तराष्ट्रिय समन्वय परिषदका अध्यक्ष गैरआवासीय नेपाली परोपकारी कोषका पदेन– अध्यक्ष<br>ख) संघको अन्तराष्ट्रिय समन्वय परिषदले कार्यकारी परिषदबाट सिफारिश गरिए मध्येबाट विशेषज्ञको रुपमा मनोनित दुई जना महिला सहित ५ जना – सदस्य<br>घ) प्रमुख कार्यकारी अधिकृत (CEO)- सदस्यसचिव<br>ङ) परिषदमा समितिले आवश्यक देखेमा गैरआवासीय नेपालीहरुको हकहितको लागि कार्य गर्दै आएको कानून र न्यायको क्षेत्रमा काम गर्ने कुनै विशेषज्ञलाई समितिको बैठकमा | नयाँ स्वरुपमा फाउण्डेशन गठन गर्न आवश्यक हुन आएकोले |

| | | | |
|---|---|---|---|
| | | सल्लाहकार पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।<br>च) यस परिषदको कार्यकाल २ वर्षको हुनेछ र परिषदका सदस्यहरु पटक पटक पुनः नियुक्त हुन सक्नेछन ।<br>छ) कार्यकाल पूरा नहुदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट बाँकी अवधिको लागि पूर्ति गरिनेछ ।<br>ज) कोषको संचालन र व्यवस्थापन सम्बन्धी अन्य कुराहरु कार्यकारी परिषदबाट दफा २६ (५) (३) मा उल्लेखित नियमावलीले निर्धारण गरि तोके बमोजिम हुनेछ । | |
| २६.५.३ | कोष सम्बन्धि व्यवस्था, कोषको काम, कर्तव्य र अधिकार, शर्तहरु, सचिवालय सम्बन्धि बेवास्था तथा कर्मचारी नियुक्ति तथा सेवा शर्तहरु छुट्टै नियमावली एनआरएनए फाउण्डेसन सम्बन्धि नियमावली बनाई संचालन गरिने छ । उक्त नियमावली यस विधानको अधिनमा रहनेछ र अन्तराष्ट्रिय समन्वय परिषदले निर्णय गरी तोकेको मिति देखि लागु हुनेछ । | कोष सम्बन्धी व्यवस्था, कोषको काम, कर्तव्य र अधिकार, शर्तहरु, सचिवालय सम्बन्धी व्यवस्था तथा कर्मचारी नियुक्ति तथा सेवा शर्तहरु छुट्टै गैरआवासीय नेपाली परोपकारी कोष सम्बन्धी नियमावली बनाई संचालन गरिने छ । उक्त नियमावली यस विधानको अधिनमा रहनेछ र अन्तराष्ट्रिय समन्वय परिषदले निर्णय गरी मन्त्रालयसंग स्वीकृती प्राप्त गरि तोकेको मिति देखि लागु हुनेछ। | |
| २९.१. | विधानको संशोधनः<br>२९.१. यस विधानको कुनै पनि दफा, उपदफाको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव पेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक समितिको गठन गर्न सक्ने छ । यस्तो अवस्था नरहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी सदस्यहरु मध्ये पच्चिस प्रतिशतले संशोधनको | विधानको संशोधनः<br>२९.१. यस विधानको कुनै पनि दफा, उपदफाको संशोधन खारेजी थप घट वा परिवर्तन गर्ने प्रस्ताव पेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक समितिको गठन गर्न सक्ने छ । यस्तो अवस्था नरहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी सदस्यहरु मध्ये पच्चिस प्रतिशतले संशोधनको प्रस्ताव पेश गर्न सक्ने छन् । यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय | साधरणसभाको ब्यबस्था भएकोले साधारणसभाबाट विधान संशोधन गर्न उपयुक्त देखिएकोले । |

| | | | |
|---|---|---|---|
| | प्रस्ताव पेश गर्न सक्ने छन् । यसरी पेश गरिएको प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद् मार्फत महाधिवेशनमा पेश गरिने छ र महाधिवेशनमा उपस्थित दुई तिहाई बहुमत बाट पारित गर्न सकिने छ । | परिषद् मार्फत साधारणसभामा पेश गरिने छ र साधारणसभामा उपस्थित बहुमत प्रतिनिधीहरु बाट पारित गर्न सकिने छ । | |
| २९.२ | विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयलाई सुसूचित गरेपछि लागू हुने छ । | विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था परराष्ट्र मन्त्रालयले स्वीकृति तथा प्रमाणित गरेपछि लागू हुने छ । | परराष्ट्र मन्त्रालयको सुझाव अनुसार । |
| २९.३ | आवश्यक परेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक विधान सभाको आयोजना गर्न सक्नेछ । उक्त विधानसभाले यस विधानको संशोधन प्रस्ताव तयार गर्ने छ । विधानसभामा अन्तर्राष्ट्रिय समन्वय परिषदका तत्कालिन, निवर्तमान र संस्थापक पदाधिकारीहरु, सदस्यहरु, सल्लाहकारहरु, संरक्षकहरु, हरेक राष्ट्रिय समन्वय परिषदका अध्यक्ष वा निजले त्यस देशबाट तोकेको एक प्रतिनिधी, बिभिन्न समितिका संयोजकहरु र अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य १० जना विज्ञ (गैरआवासीय नेपालीहरुबाट) हरुले प्रतिनिधीको रुपमा विधानसभामा भाग लिन पाउनेछन । उक्त विधानसभामा ५० प्रतिशत भन्दा बढी प्रतिनिधीहरुको उपस्थित हुन पर्नेछ र उपस्थित प्रतिनिधीहरुको दुई तिहाईको बहुमतले विधान संशोधन प्रस्ताव तयार गर्ने छ । विधानसभाबाट प्रस्तावित विधान संशोधन प्रस्ताव अन्तर्राष्ट्रिय महाधिवेशनले पारित गर्ने छ । | यो दफा हटाउने । | साधरणसभाको व्यवस्था भएको र साधरणसभाले विधानको संशोधन गर्न सक्ने भएकोले विधानसभाको औचित्य नभएकोले। |

| | | | |
|---|---|---|---|
| दफा ३० | **निष्काशन:** अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा राजीनामा दिन लगाइनेछ । यदि सो व्यक्तिले राजीनामा दिन इन्कार गरेमा अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकमा उपस्थित सदस्यहरुको सामान्य बहुमतबाट निजलाई निष्काशन गर्न सकिनेछ । यसरी निष्काशन गर्नु पूर्व निजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ। | **पदमुक्त, राजिनामा र पदपूर्ति सम्बन्धि व्यवस्थाः** देहायको आधारमा पदमुक्त गर्न सकिने छः<br>१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी वा सदस्यहरुले संघलाई नोक्सानी पुऱ्याउने कुनै खराब आचरण गरेको ठहर भएमा।<br>२) पदमुक्त हुन पूर्व नीजले गरेको आचरणको बारेमा तीस दिन भित्र स्पष्ट गर्ने उचित अवसर दिइनेछ । यस दफाको प्रयोजनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले एक अनुशासन समितिको गठन गर्न सक्नेछ।<br>३) नीजको कारवाही अनुशासन सम्बन्धि नियमावली अनुसार हुने छ।<br>४) राजिनामा र पदपूर्ति सम्बन्धि व्यवस्था संघको राजिनामा, निष्काशन र पदपूर्ती सम्बन्धि नियमावली अनुसारको हुने छ। | परिमार्जित गर्नु पर्ने आवश्यकता भएको हुनाले। |
| दफा ३३ | **अन्तर्राष्ट्रिय समन्वय परिषद्को विघटन:** सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन भएको मितिले बढिमा तीन महिना भित्र विशेष महाधिवेशनको बैठक बसी नयां अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन सम्पन्न गर्नु पर्नेछ। | अन्तर्राष्ट्रिय समन्वय परिषद्को विघटन: सम्पूर्ण पञ्जिकृत सदस्यहरुको दुई तिहाई बहुमतले चाहेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन हुनेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् विघटन भएको मितिले बढिमा तीन महिना भित्र विशेष महाधिवेशनले नयां अन्तर्राष्ट्रिय समन्वय परिषद्को चयन सम्पन्न गर्नु पर्नेछ। | विघटनको लागि २ तिहाईको बहुमत आवश्यक देखिएको हुनाले। |
| **थप गर्नु पर्ने दफा तथा उपदफाहरुः** | | | |
| | हाल व्यवस्था नभएको। | **मानार्थ परिषद् सदस्य :** गैरआवासीय नेपाली संघको | मानार्थ सदस्यको आवश्यक्ता भएको हुनाले। |

| | | | |
|---|---|---|---|
| | | अभियानमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मानार्थ परिषद् सदस्यको रुपमा नियुक्ति गर्न सक्ने छ। मानार्थ परिषद्को सदस्य संख्या बढीमा ५१ जनाको हुने छ। मानार्थ परिषद सदस्यको सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको हुने छ।<br>योग्यता : मानार्थ परिषदमा अन्तर्राष्ट्रिय समन्वय परिषदको संरक्षक, सल्लाहकार, पदाधिकारी, सदस्य वा मानार्थ परिषद्को सदस्य भई एक कार्यकाल काम गरेको हुनु पर्ने छ वा राष्ट्रिय समन्बय परिषदको अध्यक्ष पदमा एक कार्यकाल काम गरेको हुनु पर्नेछ । यस्ता योग्यता नपुगेका तर संघलाई उल्लेखनीय योगदान दिन सक्ने ब्यक्तीहरु पनि मानार्थ परिषद सदस्य बन्न सक्ने छन तर यस्ता सदस्यहरुको सँख्या बढिमा ५ प्रतिशत मात्र हुने छ ।<br>**मानार्थ परिषद् सदस्यको अधिकार :**<br>१) गैर-आवासीय नेपाली संघको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने।<br>२) गैर-आवासीय नेपाली संघको हरेक सूचनाहरु प्राप्त गर्न पाउने।<br>३) अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सक्रिय र जिवन्त बनाइ राख्न संरक्षक परिषद् तथा सल्लाहकार समितिले लिएका पहल कदमीमा सक्रियतापूर्वक सहयोग गर्ने। | |
| | हाल व्यवस्था नभएको। | **क्षेत्रिय समितिः** हरेक क्षेत्रमा क्षेत्रीय समिति गठन गरिने छ। क्षेत्रीय समिति क्षेत्रीय संयोजकको नेतृत्वमा रहने छ । यस समितिमा सम्बन्धित क्षेत्रका क्षेत्रीय उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजक तथा उप-संयोजक, क्षेत्रीय युवा संयोजक, | क्षेत्रमा रहेका समस्याहरुलाई संबोधन गर्न सहज हुने भएको हुनाले |

| | | | |
|---|---|---|---|
| | | उपसंयोजक, क्षेत्रीय सदस्य सचिब, सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु र राष्ट्रिय समन्वय परिषद् अध्यक्षहरु रहने छन् । क्षेत्रीय संयोजकको सिफारिसमा क्षेत्रीय समितिले सम्बन्धित क्षेत्रको अन्तर्राष्ट्रिय समन्वय परिषद् पदाधिकारी वा सदस्यहरुबाट एकजना सदस्य सचिव मनोनित गर्नेछ ।<br>राष्ट्रिय समन्वय परिषद् महासचिब सो समितिमा आमन्त्रीत रुपमा रहने छ । क्षेत्रिय समितिले अन्तर्राष्ट्रिय समन्वय परिषदले उठान गरेका विषयहरु, आफ्नो क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषद्ले गरेका गतिविधिहरुलाई सहजिकरण साथै अनुगमन, निरिक्षण, सुझाव र समस्यामा परेका नेपालीहरुलाई सहयोग गर्ने अलावा अन्य सरोकारका विषयमा काम गर्ने छन् । | |
| | | **क्षेत्रीय समितिको बैठकः**<br>१) क्षेत्रीय समितिको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया बर्षमा २ पटक सम्पन्न हुने छ । बैठक आवश्यकता अनुसार भौतिक वा अनलाइन माध्यम मार्फत सम्पन्न गरिने छ ।<br>२) समितिका सदस्यहरुले बैठक संचालनको कार्यविधि निर्धारण गर्ने छन् ।<br>३) बैठकमा सम्बन्धित क्षेत्रका क्षेत्रीय उपसंयोजकहरु, क्षेत्रीय महिला संयोजक तथा उप-संयोजक, क्षेत्रीय युवा संयोजक, उपसंयोजक, क्षेत्रीय सचिव, सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरु र राष्ट्रिय समन्वय परिषद् अध्यक्षहरु र समितिले मनोनित गरेका अन्य सदस्यहरुले भागलिन पाउने छन्। | |

| | | | |
|---|---|---|---|
| | | ४) यस बाहेक समितिले आवश्य ठानेनमा आइसिसिका पदाधिकारीहरुलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्ने छन् । | |
| | हाल ब्यबस्था नभएको | बिभिन्न बिज्ञता हासिल गरेका, पेशागत तथा ब्यबसायिक (भोकेशनल) दक्षता भएता गैरआबासीय नेपालीहरुलाई अभियानको मुलप्रबाहमा समाबेश गर्न पर्ने अन्तराष्ट्रीय समन्वय परिषदमा संयोजक, हरेक क्षेत्रमा संयोजक र सहसंयोजक सहित राष्ट्रीय समन्यव परिषदमा समेत संयोजक रहने छ। | |
| ३५ | लगू हुने कानूनः यो विधानको कुनै प्रावधान प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म नेपाल कानून बमोजिम हुनेछ। | प्रचलित कानून अनुसार हुनेः यस विधानमा व्यवस्था भएका कुराहरु यसै बमोजिम हुने छन् । तर विधानका व्यवस्थाहरु प्रचलित नेपाल कानूनसंग कुनै पनि दफा बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने छ । | विधानको व्यवस्था प्रचलित कानून अनुरुप कायम गर्न। |
| ३७ | सदस्यहरुको हक हितको संरक्षणः संघले आफ्नो तथा आफ्ना सदस्यहरुको हकहितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यकता अनुसार प्रचलित कानुनको अधिनमा रही आवश्यक कार्वाही गर्न गराउन सक्ने छ। | बचाउः यस संघका कुनै पदाधिकारीहरुले यस विधान र प्रचलित कानूनको परिधि भित्र रही संघको हीत चिताई गरेको कामको लागि व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन। त्यस्तो अवस्थामा संघ उत्तरदायी भई पदाधिकारीको संरक्षण गर्नु पर्ने छ। | असल नियतले गरेको कार्यलाई बचाउन गर्नु पर्ने भएको हुँदा। |
| ३८ | बाधा अड्काउ फुकाउ | यस विधान अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको अनुरोधमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले फुकाउन सक्ने छ। | कुनै कार्य गर्दा विधानका कारण असहज हुने अवस्थामा आवश्यक भएको हुँदा। |
| अनुसूची ३ | **कार्यालयको छाप :** संघको अन्तर्राष्ट्रिय समन्वयपरिषद् र राष्ट्रिय समन्वय परिषद्को कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको “नाम | **कार्यालयको छाप :** संघको अन्तर्राष्ट्रिय समन्वयपरिषद् र राष्ट्रिय समन्वय परिषद्को कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली वा अंग्रेजी भाषामा संघको “नाम गैरआवासीय नेपाली संघ”, "Non-Resident Nepali | बैंकहरु बाट आएको सुझावको कारणले नेपाली भाषामा पनि लेखिएको छाप खोजेको हुनाले वा शब्द र NRNA शब्द थप्नु पर्ने आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | गैरआवासीय नेपाली संघ", "Non-Resident Nepali Association लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA/NCC- (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ। | Association (NRNA) लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA/NCC- (सम्बन्धित देशको नाम) लेखिएको अंग्रेजी ठूलो अक्षरको माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य हुनेछ। | |
| अनुसूची ६ | **पंजिकृत सदस्य** **प्रतिनिधि संख्या**<br>१,००० १००<br>२,००० १२५<br>३,००० १३८<br>४,००० १४६<br>५,००० १५२<br>१०,००० १७१<br>१५,००० १८१<br>२०,००० १८९<br>३०००० १९९<br>४०००० २०६ | **पंजिकृत सदस्य** **प्रतिनिधि संख्या** **अनुपात**<br>१००० ५० २०:१<br>२००० ७० ५०:१<br>३००० ८० १०० : १<br>४००० ८५ २०० : १<br>५००० ८८ ४०० : १<br>१०००० ९४ ८००: १<br>२०००० १०० १६००:१<br>२० हजार भन्दा बढी सदस्य भएमा प्रत्येक ३००० बराबर १ जना थप प्रतिनिधि चयन हुनेछ। | महाधिवेशनमा सबै क्षेत्रको प्रतिनिधित्व गराउन आवश्यक देखिएकोले। |
| अनुसूची ६(क) | | **महाधिवेशन प्रतिनिधि चयन प्रक्रिया**<br>अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय परिषद्का हाल र विगतमा काम गरिसकेका व्यक्तिहरुबाट ७०% प्रतिनिधिहरु निम्न प्राथमिकताको आधारमा चयन हुने छन्।<br>१) अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रमुख संरक्षक<br>२) अन्तर्राष्ट्रिय समन्वय परिषद्का संरक्षकहरु<br>३) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व अध्यक्षहरु | |

| | | | |
|---|---|---|---|
| | | ४) अन्तर्राष्ट्रिय समन्वय परिषद्का सल्लाहकारहरु<br>५) अन्तर्राष्ट्रिय समन्वय परिषद्का मानार्थ सदस्यहरु<br>६) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व संरक्षकहरु<br>७) राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु<br>८) अन्तर्राष्ट्रिय समन्वय परिषद्को मातहतमा गठित समितिका संयोजक र उपसंयोजकहरु<br>९) अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु<br>१०) अन्तर्राष्ट्रिय समन्वय परिषद्का कार्यकारी सचिवालयका पूर्व पदाधिकारीहरु<br>११) राष्ट्रिय समन्वय परिषद्का वर्तमान तथा पूर्ब संरक्षकहरु<br>१२) राष्ट्रिय समन्वय परिषद्का पूर्व अध्यक्षहरु<br>१३) राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरु (प्राथमिकताको आधारमा ५ जना)<br>१४) अन्तर्राष्ट्रिय समन्वय परिषद्का कार्यालय पूर्व पदाधिकारीहरु (कार्यकारी सचिवालय पदाधिकारीहरु बाहेकका)<br>१५) अन्तर्राष्ट्रिय समन्वय परिषद्का संस्थापक सदस्यहरु<br>१६) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व सल्लाहकारहरु<br>१७) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व मानार्थ परिषद् सदस्यहरु<br>१८) अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व सदस्यहरु<br>१९) अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न समिति, उपसमिति तथा कार्यदलका बहालबाला संयोजक।<br>२०) राष्ट्रिय समन्वय परिषद्का सदस्यहरु<br>२१) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारीहरु | |

| | | | |
|---|---|---|---|
| | | २२) राष्ट्रिय समन्वय परिषद्का पूर्व संरक्षकहरु, पूर्व सल्लाहकारहरु तथा संस्थापक पदाधिकारीहरु<br>२३) राष्ट्रिय समन्वय परिषद् अन्तर्गत गठित समिति तथा कार्यदलका संयोजकहरु<br>प्राथमिकताको सूचीमा रहेका व्यक्तिहरुले राष्ट्रिय समन्वय परिषद्को निर्वाचन पूर्व तोकिएको प्रणालीमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ। | |
| अनुसूची ७ | **अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य संख्या**<br>पंजिकृत सदस्यको संख्या — सदस्यको संख्या<br>५००० — ५<br>७००० — ६<br>१०,००० — ७<br>१४,००० — ८<br>१९,००० — ९<br>२५,००० — १० | **अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य संख्या**<br>पंजिकृत सदस्यको संख्या — सदस्यको संख्या<br>२०-२००० — १<br>२००१-३००० — २<br>३००१-५००० — ३<br>५००१-१०००० — ४<br>१०००१-२०००० — ५<br><br>२० हजार माथी थप १५ हजार हजार पंजिकृत सदस्य बराबर १ अन्तर्राष्ट्रिय समन्व परिषद् सदस्य हुनेछ। पञ्जिकृत सदस्यको संख्या जति भएता पनि एक देशबाट ७ जना भन्दा बढी सदस्य निर्वाचित हुने छैन। | |
| अनुसूची ८ | हाल व्यवस्था नभएको | राष्ट्रिय समन्वय परिषद्हरुले अपनाउनु पर्ने न्युनतम मापदण्डः<br>अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तल उल्लेख गरिएको प्रावधान पालना गरेमा राष्ट्रिय समन्वय परिषद्हरुलाई मान्यता दिनेछ:<br>क) राष्ट्रिय समन्व परिषदले संघको विधानको धारा २५ अनुसारको अधिकार र कर्तब्य पालना गर्नु पर्ने छ।<br>ख) संघले निर्धारण गरेको प्रणालीबाट सदस्यहरुको सदस्यता विवरण जारी गर्नु पर्ने छ। | हालको विधानमा प्रावधान नभएकोले थप गरिएका |

| | | | |
|---|---|---|---|
| | | ग) तोकिएको समयमा राष्ट्रिय महाधिवेशन राष्ट्रिय महाधिवेशन सम्बन्धी नियमावली अनुसार सम्पन्न गर्नु पर्ने छ ।<br>घ) राष्ट्रिय महाधिवेशनमा सम्पन्न गरिने निर्वाचनमा सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक वा क्षेत्रीय उपसंयोजक वा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पदाधिकारी वा सदस्यले अनुगमन गर्नु पर्नेछ ।<br>ङ) अनुगमनकर्ताले अनिवार्य रुपमा राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धि नियमावलीमा प्रावधान गरिएको फारममा भएका विवरणहरु भर्नु पर्ने छ । सो भरेको फारम सही गरेर प्रमाणित गरी अन्तर्राष्ट्रिय समन्वय परिषद् मा पठाउनु पर्नेछ ।<br>च) गैरआवासीय नेपाली संघको विधान २०१७ को उपदफा ५.१ अनुसार सदस्यता लिएका सदस्यहरुले मतदानमा भागलिएको हुनु पर्नेछ ।<br>छ) पंजिकृत सदस्यहरुले हरेक दुई वर्षमा सदस्यता नविकरण गरेको हुनुपर्नेका साथै निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको सदस्यता शुल्क बुझाएको हुनु पर्नेछ ।<br>ज) नयाँ कार्यकालको कार्यसमितिको विवरण र अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरुको नामावली क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई पठाएको हुनु पर्नेछ ।<br>झ) राष्ट्रिय समन्वय परिषद्हरुले आफ्नो निर्वाचन सम्बन्धी आचार संहिता निर्वाचन हुनु भन्दा पहिले | |

| | | | |
|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय समन्वय परिषद् बाट अनुमोदन गराए पछि लागु गर्नु पर्नेछ।<br>ञ) अन्तर्राष्ट्रिय समन्व परिषदले जारी गरेका नियमहरु पालना गर्नु पर्ने छ।<br>ट) माथिका न्युनतम मापदण्ड पालना गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद् संग एक सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्ने छ।<br>ठ) राष्ट्रिय समन्वय परिषद्हरुको विधान तथा संशोधित विधानको कुनै दफाहरु संशोधन वा खारेज गर्ने प्रस्ताव पारित भएमा त्यस्तो व्यवस्था अन्तर्राष्ट्रिय समन्वय परिषद्ले प्रमाणित गरे पछि मात्र लागू हुने छ।<br>ड) राष्ट्रिय समन्वय परिषद्हरुले अनिवार्य रुपमा आर्थिक र वार्षिक प्रतिवेदन अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्नु पर्ने छ।<br>ढ) हरेक राष्ट्रिय समन्वय परिसदको बिधान अन्तर्राष्ट्रिय समन्वय परिषद्को अनुसार हुनु पर्नेछ\| | |
| | हाल व्यवस्था नभएको। | विधान व्याख्या समिति, विधान संशोधन तथा सुझाव समिति, लेखा समिति, निर्वाचन समिति र अनुशासन समितिको संयोजकको नियुक्ती अन्तराष्ट्रीय साधारण सभा वा सो नभएको अवस्थामा अन्तर्राष्ट्रिय महाधिवेशनले गर्ने छ भने अन्य सदस्यहरु संयोजको परामर्शमा अन्तराष्ट्रीय कार्यकारी सचिबालयले गर्नेछ। सो समितिहरुको संख्या आवश्यकतानुसार ११ मा नबढाई हुनेछ। | |
| | हाल व्यवस्था नभएको | एनसिसिका कार्य समितिको एक रुपताका लागि देहाय अनुसारको संख्यामा कार्यसमिति गठन गर्नु पर्ने छ।<br><u>पंजिकृत सदस्य संख्या</u> <u>कार्यसमिति</u> | |

| | | | |
|---|---|---|---|
| | | <u>संख्या</u><br>२० ७<br>२१-१०० ९<br>१०१-३०० ११<br>३०१-५०० १३<br>५०१-८०० १५<br>८०१-१२०० १९<br>१२०१ -२५०० २३<br>२५०१ -५००० २७<br>५००१ -८००० ३१<br>८ हजार भन्दा बढी ३३ | |
| | हाल व्यवस्था नभएको | **दोश्रो पुस्ता प्रतिष्ठान (2nd Generation Academic)**<br>विदेशमा जन्मेका नेपाली मूलका दोश्रो पुस्ताहरुलाई संघको संजाल भित्र समाहित गर्नको लागि उनीहरु सम्मेलित एक समिति गठन गरिने छ । यस समितिमा हरेक क्षेत्रबाट दोश्रो पुस्ताका युवाहरुको प्रतिनिधित्व रहने छ । यसरी नै राष्ट्रीय समन्वय परिषदहरुमा पनि यस समिति अनिवार्य रुपमा गठन गर्नु पर्ने छ । थप ब्यबस्था बिनियमा तोकिएनुसार हुनेछ। | दोश्रो पुस्तालाई यस अभियानमा संलग्न गराउनु पर्ने भएकोले। |

**<u>द्रष्टब्यः आएको सुझावहरु:</u>**

१. साधारसभा र निर्वाचन सहितको अन्तर्राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरु छुट्याउने ।

२. एक एनसिसि एक भोटः एनसिसिका अध्यक्षहरुले मात्र आइसिसिको निर्वाचनमा भागलिन पाउने छन् ।

३. सबै पंजिकृत सदस्यहरुले अन्तर्राष्ट्रिय र राष्ट्रिय समन्वय परिषदको निर्वाचनमा भागलिन पाउने ।

४. **पेशागत समन्वय समिति:**

संसारभरी छरिएर रहेका पेशागत, बिषेशज्ज् तथा ब्यबसायिक दक्षता हांसिल गरेका बिभिन्न गैरआवासीय सदस्यहरु यस संस्थाको दायराभित्र समेट्नु पर्ने भएकोले एक राष्ट्रीय समन्वय समिति सरह मान्यता पाउने गरी पेशागत समन्वय समिति गठन गर्न सक्नेछ । जस अन्तर्गत बिभिन्न पेशाकर्मी हरुको बिभागहरु गठन गर्न सकिनेछ। थप काम कर्तब्य र अधिकार नियामावलीमा उल्लेख भएनुसार हुनेछ । एक संस्था एक सदस्यताको अबधारणा अनुसार सदस्यता प्रदान गरिनेछ ।

५. संघको बिभिन्न निकायमा बहालवाला ब्यक्ति लगातार ३ पटक भन्दा बढी जानकारि नगराई बैठकमा अनुपस्थित भएमा निजको पद स्वत: खारेज हुनेछ।

६. अन्तराष्ट्रीय देखी राष्ट्रीय समन्वय समितिहरु सम्मको उम्मेदवारी शुल्कमा देखिएको बिबिधतालाई ध्यानमा राखि एकरुपमा र न्यूनिकरण गर्न निर्वाचन बिनियमले नियमन गर्ने ।

७. अन्तराष्ट्रीय महाधिबेश तथा क्षेत्रीय सम्मेलन (बैठकहरु) को चर्को दर्ता शुल्क (डेलिगेट्स फि) खारेज गर्ने !

८. संघको दीर्घकालिन दिगोपनाको लागी एक चिरस्थायी अक्षयकोष खडा गर्ने ।